# ALL INDIA RADIO GANGTOK

## NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS** **DATE 08.05.2024**

**ईसिआई**

भारतको निर्वाचन आयोगले आज तीन सय चौवन्नजना पर्यवेक्षकहरूसित लोकसभाको चौथो चरणको मतदानको तयारीबारे समीक्षा गर्‍यो।

भिडियो कन्फरेन्सिङको माध्यमद्वारा आयोजित बैठकमा मुख्य चुनाउ आयुक्त श्री राजीब कुमारले पर्यवेक्षकहरूलाई निष्पक्ष स्वतन्त्र र सुचारू रूपमा मतदान सुनिश्चित गर्ने निर्देश दिनुभएको छ।

यस चरणको मतदान तेह्र मईमा हुनेछ।

**गेजिङ प्रेपेरिटोरी मिटिङ**

पश्चिम सिक्किमको गेजिङ जिल्ला प्रशासनिक केन्द्रमा हिजो लोसभा सीट र चारवटा विधानसभा समष्टि योक्सम टाशीडिङ याङथाङ, मानेबुङ देन्ताम र गेजिङ बर्मेक अनि संघ सीटको मतगणनाका लागि तयारी बैठक बस्यो।

यसको अध्यक्षता गर्दै जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री एम. भरनी कुमारले नोडल अधिकारीहरूलाई उनीहरूको भूमिका र जिम्मावारीबारे अवगत गराउनुभयो।

दुई जूनका दिन संघ र विधानसभा क्षेत्रहरूको अनि चार तारीक जूनमा संसदीय समष्टिको मतगणना गरिनेछ।

जिल्लाधीशले जानकारी दिनुभए अनुसार आगामी चौध र पन्ध्र मईमा सूक्ष्म पर्यावेक्षक, सुपरभाइजर र सहायकहरूका लागि प्रशिक्षण आयोजन गरिनेछ।

**डिसी सोरेङ मिट्स आर आर सि एन ई टीम**

सोरेङकी जिल्लाधीश सुश्री यिस्से डी योङ्डाले आज जिल्ला प्रशासनिक केन्द्रमा नीति आयोग आकांक्षी प्रखण्ड कार्यक्रमको पूर्वोत्तर राज्य क्षेत्रीय संसाधन केन्द्र आरआरसिएनई टीमसित भेट गर्नुभयो।

भेटघाटका बेला जिल्लाधीशले मानसिक र शारीरिक स्वास्थ्यका लागि समग्र र महत्वपूर्ण दृष्टिकोण अप्नाउनुपर्ने आवश्यकतामाथइ जोड़ दिनुभयो।

जिल्लामा कम प्रजनन दरको स्थितिमाथि चिन्ता व्यक्त गर्दै उहाँले टोलीसित यसको समाधानका लागि अनुसन्धानमूलक अध्ययन गराउने आग्रह गर्नु भएको छ।

बैठक अघि सोरेङ जिल्लाका अधिकारीहरूसित पूर्वोत्तर राज्य क्षेत्रीय अनुसन्धान केन्द्रका अधिकृतहरूले आकांक्षी प्रखण्ड कार्यक्रमको एक भागको रूपमा पर्यवेक्षणका निम्ति चुम्बोङ प्रखण्ड अघि छोटा साम्दोङ स्थित स्वास्थ्य तथा आरोग्य केन्द्रको भ्रमण गरे।

यहाँहरूलाई थाहै होला नीति आयोगको आकांक्षी प्रखण्ड कार्यक्रण अन्तर्गत सारा देशभरिका पाँचसय प्रखण्डहरूको पत्तो लगाइएको छ। यीमध्ये सोरेङ जिल्लाको चुम्बोङ प्रखण्ड पनि एउटा हो।

**पाक्योङ प्रिमनसुन प्रिपेरेडनेस मिटिङ**

पाकिमका जिल्लाधीश श्री टाशी छोपेलले पाकिम रर्बन परिसरमा आज वर्षायामको तयारीमाथि एउटा बैठक आयोजन गर्नुभयो।

बर्खाको समयमा देखा पर्ने चुनौतीहरूको समाधान अनि सुरक्षित तथा प्रभावी प्रतिक्रियाका लागि विभागहरूबीच तालमेल बडाउने रणनीतिबारे चर्चा गर्ने उद्देश्यले बैठक डाकिएको थियो। जिल्लाधीशले भलवाड़ी सङ्कटका बेला विभिन्न विभागहरूले दिएको सरयोगको प्रशंसा गर्नुभयो । उहाँले सम्बन्धित विभागलाई बर्खाको बेला ढलेका रूखहरू र झरेका हाँगाहरूले पुर्याउने क्षतिलाई रोक्न उच्च जोखिम क्षेत्रहरूको पत्तो लगाउने परामर्श दिनुभएको छ।

श्री छोपेलले पानी जमेका नालीहरू उचित रूपमा सफा गर्ने र पानीबाट उत्पन्न हुने रोगहरूको रोथाम गर्ने आग्रह पनि गर्नु भएको छ।

बैठकमा बोल्दै पाकिमका वरिष्ठ पुलिस अधीक्षक श्री तेञ्जिङ लोडेन लेप्चाले आपतकालीन तयारीको रूपमा प्रकोपको समयमा राहत तथा उद्घार कार्यका लागि आवश्यक तन्त्र तैनात गर्ने एम्बुलेन्स उपलब्ध रहेको सुनिश्चित गर्नुपर्ने खाँचोमाथइ जोड़ दिनुभयो।

**एसआईसिए**

सिक्किम क्रिकेट संघले नाम्ची जिल्लाको किताम पब्लिक ग्राउण्डमा आज आफ्नो सैंतिसौं स्थापना दिवस मनायो।

समारोहमा उपस्थित जनसमूहलाई सम्बोधन गर्दै नाम्चीकी जिल्लाधीश श्रीमती अन्नपूर्ण आलेले राज्यका उदीयमान क्रिकेट खेलाड़ीहरूलाई अवसर प्रदान गर्ने दिशातर्फ संघले पुर्याएको योगदानको प्रशंसा गर्नुभयो । आफ्नो वक्तव्यमा सिक्किम क्रिकेट संघका अध्यक्ष श्री टीका सुब्बाले राज्यका खेलाड़ीहरूमाथि ध्यान दिएर लक्ष्य प्राप्तिका लागि उनीहरूलाई प्रोत्साहित गर्ने संघको उद्देश्य रहेको कुरो बताउनुभयो।

उहाँले किताम पब्लिक ग्राउण्ड र याङगाङ पब्लिक ग्राउण्डलाई सिक्किम क्रिकेट संघ अन्तर्गत चयन गरिएको जानकारी दिनुभयो र भन्नुभयो यसद्वारा राज्यका धेरै भन्दा धेरै युवाहरूलाई प्रशिक्षण दिन सकिनेछ।

समारोहमा बोल्दै किताम ग्राम पञ्चायत इकाइका पञ्चायत अध्यक्ष श्री दीपक भण्डारीले भन्नुभयो सिक्किम क्रिकेट संघको देखरेखमा विगत केही वर्षदेखि किताम पब्लिक ग्राउण्डमा ग्रुप सी र ग्रुप डी डिभिजन क्रिकेट म्याच आयोजन गरिरहेछ।

**फुटबल**

एसएफए सी डिभिजन लीग 2024 गान्तोकको पाल्जोर स्टेडियममा हिजोदेखि शुरू भएको छ।

उद्घाटन दिवसमा सिक्किम ओलेम्पिक संघका अध्यक्ष श्री कुबेर भण्डारी मुख्य अतिथिको रूपमा उपस्थिति हुनुहुन्थ्यो।

हिजो पहिले दिनको खेलको पहिलो म्याचमा छुजाचेन स्पोर्टस एकाडमी र हिलस्टोन फुटबल क्लब 3-3 गोल गरेर बराबरीमा रहे भने दोस्रो खेलमा माजिटार स्पोर्टिङ क्लबले सिक्किम ड्र्यागन फुटबल क्लबलाई दुई गोलले परास्त गर्यो।

लीगको दोस्रो दिन आज पहिलो म्याचमा डेञ्जोङ बोइस् फुटबल क्लबले पेगोङ स्पोर्टिङ क्लबलाई छ गोलले हरायो।

पराजित टीमले एउटै गोल पनि गर्न सकेन।

यसै गरी दोस्रो खेलामा जेभिसी सिङतामले पाचेखानी स्पोर्टिङ क्लबलाई एकको विरूद्ध दुई गोलले परास्त गर्यो